# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं पुस १३ गते २०३३ साल

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

प्रहरी ऐन (संशोधन सहित, २०१२ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ सरकारले उक्त ऐनको दफा ३३, ३३ क, ३३ ख, ३४, ३४ क, अन्तरगत सजाय हुने मुद्दाको शुरू कारवाई र किनारा गर्न देहायबमोजिमको पदाधिकारी भएको बोर्डहरू गठन गरिएको छः–

१ प्रहरी जवानदेखि प्रहरी सहायक निरीक्षकसम्मको निमित्तः

(क) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी – – अध्यक्ष
(ख) सम्बन्धित जिल्लाको सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ता – – – – सदस्य
(ग) सम्बन्धित जिल्लाको प्रहरी कार्यालय प्रमुख – – सदस्य

२. प्रहरी नायब निरीक्षकदेखि प्रहरी नायब उपरीक्षकसम्मको निमित्तः

(क) सम्बन्धित अञ्चलको अञ्चलाधीश– – – – अध्यक्ष
(ख) सम्बन्धित अञ्चलको सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता– सदस्य
(ग) सम्बन्धित अञ्चलको प्रहरी कार्यालय प्रमुख– – – सदस्य

३. प्रहरी उपरीक्षकदेखि प्रहरी महा–निरीक्षकसम्मको निमित्तः

गृह पञ्चायत सचिवज्यूको एक सदस्यीय बोर्ड

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव



३८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

38C

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।